# किपू नगरपालिका
# कीर्तिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाडौं।
बागमती प्रदेश नेपाल।

पत्र संख्याः ०७८।८०
च.नं.: २११४

## सूचना! सूचना!! सूचना!!!

मितिः .....................................

कीर्तिपुर नगरपालिका वडा नं. १० स्थित नयाँबजार प्रवेशद्वारसँगै रहेको पर्यटक सूचना केन्द्र भवन निर्माण सम्पन्न भै सञ्चालनको तयारीमा रहेको छ । यसै सन्दर्भमा कीर्तिपुरको समग्र पर्यटन विकासको लागि यहाँको खानपान, रहनसहन, जीवनशैली, ऐतिहासिक, साँस्कृतिक, सुन्दर प्रकृति एवं मूर्त तथा अमूर्त सम्पदा जैवीक विविधता झल्किने गरी सानो संग्रहालयको रुपमा केन्द्रको आन्तरिक सजावट गर्ने नगरपालिकाको योजना रहेको छ । उक्त पर्यटन सूचना केन्द्रमा सजाएर राख्ने प्रयोजनको लागि यहाँको सभ्यतासँग जोडिएका सिक्का, भाँडाकुँडा, कृषि औजार, हात हतियार, हस्तकला लगायतका कुनै पनि ऐतिहाँसिक, पुरातात्विक, धार्मिक सामग्रीहरु कीर्तिपुर नगरवासी, संघसंस्था, व्यापारी, बुद्धिजीवि र सर्वसाधारण आँफूसंग भएमा नगरपालिकालाई उपलब्ध गराएर सहयोग गरिदिनु हुन हार्दिक अनुरोध छ। साथै यहाँहरुको अमूल्य योगदानको उच्च कदर गर्दै उपलब्ध सामग्री प्रदर्शनीमा श्रोत व्यक्ति तथा संघसंस्थाको नाम साभार गरिने व्यहोरा समेत अनुरोध छ ।

२०७८।१२।१०
बरिष्ठ अधिकृत (सातौं)

फोन नं.: ०१-४३३१६९३, ४३३१३८१, ४३३१८०५, फ्याक्स नं.: ९७७-१-४३३१३८१, Email: ict.munkirtipur@gmail.com
info@kirtipurmun.gov.np, website: kirtipurmun.gov.np